कलैया उपमहानगरपालिकाद्वारा प्रकाशित

# कलैया राजपत्र

खण्ड -६ संख्या : ४ मिति: २०८०/९/२०

भाग-२

## कलैया उपमहानगरपालिका

वारा, मधेश प्रदेश , नेपाल

## अनुदानमा सामूदायिक विकास तथा भौतिक पूर्वाधार विकास निर्माण सम्बन्धी कार्यविधि, २०८०
**(प्रथम संशोधन)**

**प्रस्तावना**

कलैया उपमहानगरपालिका भित्रका २७ वटै वडाहरूमा लुमन्ति आवासको लागि सहयोग समूह, शहरी गरिबी निवारण मंच, दिपशिखा महिला बचत तथा ऋण सहकारी संस्था लि. तथा शहरी सामूदायिक सहयोग कोष लगायत अन्य विभिन्न संघ संस्थाहरूको लागत साझेदारी एवम् सहकार्यमा विभिन्न सामूदायिक विकास तथा भौतिक पूर्वाधार विकास निर्माण जस्तै (विपन्न समूदायको एकरुपता भएको सामूहित तथा व्यक्तिगत आवास निर्माण, सामूदायिक भवन निर्माण, विभिन्न मठ, मन्दिर, मस्जिद लगायतका कलैया उपमहानगरपालिकाको आर्थिक अनुदानमा विकास निर्माणका कार्यहरू संचालन गर्न वान्छनीय भएकोले , कलैया

कार्यपालिकामा पेश गरेको मिति :- २०८०/ ०९ / १८ कार्यपालिकाबाट स्वीकृत मिति : २०८०/०९ / १८ प्रमाणीकरण मिति :- २०८०/०९ /२०

उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि बनाई जारि गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम "कलैया उपमहानगरपालिकाको अनुदानमा सामूदायिक विकास तथा भौतिक पूर्वाधार विकास निर्माण सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि कलैया उपमहानगरपालिका, लुमन्ति आवासको लागि सहयोग समूह, शहरी सामूदायिक सहयोग कोष, शहरी गरिबी निवारण मंच र यस अन्तर्गतका आयोजनाहरूमा मात्र लागु हुनेछ ।

(३) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क. "कार्यविधि" भन्नाले कलैया उपमहानगरपालिकाको अनुदानमा सामूदायिक विकास तथा भौतिक पूर्वाधार विकास निर्माण सम्बन्धी कार्यविधि, २०८० सम्झनुपर्छ ।

ख. "लक्षित समुदाय" भन्नाले यस कार्यविधिको धारा ३.१ मा उल्लेखित व्यक्ति, समूह तथा समुदायलाई सम्झनुपर्छ ।

ग. "कार्यपालिका" भन्नाले कलैया उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

घ. "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको कलैया उपमहानगरपालिकालाई सम्झनुपर्छ ।

ङ. "अनुदान" भन्नाले कलैया उपमहानगरपालिका अन्तरगत लक्षित समुदायमा सामूदायिक आवास तथा व्यक्तिगत आवास, सामूदायिक भवन, मठ, मन्दिर, पाटीपौवा, मस्जिद लगायत अन्य धार्मिक स्थल, बाटो, नाला लगायतका भौतिक पूर्वाधार विकासका कार्य अनुदानमा संचालन गर्ने सम्झनुपर्छ ।

च. "वडा कार्यालय" भन्नाले कलैया उपमहानगरपालिका अन्तरगत रहेका १ देखि २७ नम्बर वडा कार्यालय सम्झनु पर्छ ।



विनोद प्रसाद साह
नगर प्रमुख

## परिच्छेद-२
## उद्देश्य

२. उद्देश्यः कार्यविधिको उद्देश्यहरू निम्नानुसारको हुनेछ ।

२.१ लक्षित समुदायमा सामूदायिक आवास तथा व्यक्तिगत आवास, सामूदायिक भवन, मठ, मन्दिर, पाटीपौवा, मस्जिद लगायत अन्य धार्मिक स्थल, बाटो, नाला लगायतका भौतिक पूर्वाधार विकासका कार्य कलैया उपमहानगरपालिकाको अनुदानमा संचालन गर्ने,

२.२ लक्षित समुदायको आधारभूत सामाजिक तथा भौतिक पूर्वाधारमा पँहुच स्थापित गर्न सहयोग गर्न,

२.३ लक्षित समुदायको आर्थिक अवसरहरू प्राप्त गर्न सहयोग गर्ने,

२.४ साझेदार संस्था तथा शहरी गरिब समुदायलाई सेवा प्रदान गर्न सबल बनाउने,

२.५ लक्षित समुदायको जीवनस्तरमा सुधार ल्याउन आर्थिक तथा सामाजिक विकासको लागि उपयुक्त वातावरणको सृजना गरी गरिवी न्यूनिकरणको लागि मदत गर्ने,

२.६ उल्लेखित उद्देश्यहरू पुरा गर्ने अन्य कार्यहरू गर्ने ।

## परिच्छेद-३
## लक्षित समूह/समूदाय

३. निर्धारित उद्देश्य हासिल गर्नको लागि निम्नानुसारको कार्यविधि अपनाउनुपर्दछ ।

३.१ यस कार्यविधिबाट लाभान्वित हुने वर्ग लक्षित समूह

कलैया उपमहानगरपालिका भित्र बसोबास गर्ने २७ वटै वडा भित्र शहरी गरिबी अन्तर्गत माग्ने, सुकुमबासी, अव्यवस्थित बसोबास गर्ने विपन्न वर्ग, कमजोर आर्थिक अवस्था भएका बञ्चित वर्ग, शहरी क्षेत्रमा विभिन्न ठाउँमा छरिएर बसेका गरिब वासिन्दाहरू दलित समुदायहरू, भाडामा बस्ने गरिबहरू, आर्थिक अवस्था कमजोर भएका विभिन्न अनौपचारिक क्षेत्रमा कार्यरत कामदारहरू पर्नेछन् ।

३.२ कुनै पनि सरकारी योजनाबाट प्रभावित भई उठीवास भएको समुदाय,

३.३ तुरुन्तै वैकल्पिक व्यवस्था गर्न आवश्यक नभए पनि बारम्बार बस्ती उठाउन सूचना आई रहेको छ र सो समुदायको लागि सोही ठाउँमा बसोबासको ग्यारेण्टीको लागि वकालत गरी बसोबासको सुव्यवस्था गर्न सरकारबाट जग्गा उपलब्ध गराउने निर्णय गरिएको समुदाय,

३.४ पहिले देखि बसोबास गर्दै आएको तर बस्न योग्य नभएको तुरुन्त बस्ती सार्नु पर्ने आवश्यकता (दैविक प्रकोप) भई अत्यन्त जरूरीको रूपमा निवेदन आएको समुदाय,

३.५ सरकारको तर्फबाट कुनै किसिमको बाधा व्यवस्था नआएको तर बस्तीमा बसोबास गर्नेहरू स्वयंले सुरक्षित आवासको लागि अन्यत्र बसोबास गर्ने ईच्छा भई निवेदन गर्न आउने समूह वा समुदाय,

३.६ कलैया उपमहानगरपालिका भित्रका २७ वटै वडाभित्र छरिएर रहेका रैथाने, आदीवासीहरू संगठित भई सुरक्षित आवासको व्यवस्थाको लागि निवेदन गर्ने समूह वा समुदायं ।

## परिच्छेद-४

## अनुदान सम्बन्धमा

४. अनुदानमा निर्माण हुने तथा अनुदान दिन सक्ने परियोजनाः

४.१ आवास

४.२ बाटो

४.३ शौचालय

४.४ माटो/ग्राभेल

४.५ सामूदायिक भवन

४.६ धारा/चापाकल तथा चौताल

४.७ विघालय तथा विघालयका लागि आवश्यक जनशक्ति व्यवस्थापन

४.८ खानेपानी

४.९ मठ मंन्दिर, मस्जिद तथा पालिका क्रियाकलाप र मठ मन्दिरमा पूजापाठको लागि पुजारी तथा पुजारीको लागि तलब साथै दैनिक पुजापाठको व्यवस्थापन

४.१० दुर्गा पूजा, छठ पूजा, ईद, बकरीद, परापूर्वदिखि लाग्दै आएको मेला आदी मनाउन तथा व्यवस्थापनको लागि अनुदान उपलब्ध गराउने,

४.११अस्पताल सरसफाई र सहयोगीको काम गर्न जनशक्ति व्यवस्थापन

४.१२ शैक्षिक भ्रमण, अवलोकन भ्रमण जस्ता कार्यहरूमा अनुदान दिने ।

कार्यपालिकामा पेश गरेको मिति :- २०८०/ ०९ / १८ कार्यपालिकाबाट स्वीकृत मिति : २०८०/०९/१८ प्रमाणीकरण मिति :- २०८०/०९ /२०

## परिच्छेद-५
## साझेदार सम्बन्धमा

५. साझेदार संस्थाहरू

५.१ लुमन्ति आवासको लागि सहयोग समूह

५.२ दिपशिखा महिला बचत तथा ऋण सहकारी संस्था लि.

५.३ शहरी सामूदायिक सहयोग कोष

५.४ शहरी गरिबी निवारण मंच

५.५ समुदाय स्तरीय विभिन्न उपभोक्ता समितिहरू

५.६ अन्य विभिन्न संघ संस्थाहरू

## परिच्छेद-६
## कार्यक्रम संचालन विधि

६. कार्यक्रम संचालन गर्दा निम्न कुरा अवलम्बन गरिने छ ।

६.१ अनुदानमा सामूदायिक विकास तथा भौतिक पूर्वाधार विकास निर्माण सम्बन्धी साझेदार संस्थासँग सम्झौता गर्ने,

६.२ समुदायको योजना बनाउने क्रियाकलापदेखि लिएर कार्यान्वयनका सबै पक्षहरूको प्रत्यक्ष अवलोकन तथा अनुगमन गरी कार्य सम्पन्न गर्न सहयोग गर्ने,

६.३ समुदायमा आयोजना हुने बैठक तथा सभाहरूमा प्रत्यक्ष सहभागी हुने र आवश्यक सल्लाह सुझाव दिने । साथै लुमन्तिद्वारा आवासको लागि प्राविधिक सहयोग, आवासको डिजाईन, आवास निर्माण सम्बन्धी गोष्ठी, उपभोक्ता समिति, महिला बचत समूह तथा बाल समूहको गठन लगायत आवास निर्माण कार्यमा नपुग रकमको लागि दीपशिखा महिला बचत तथा ऋण सहकारी संस्था लि. मार्फत शहरी सामुदायिक सहयोग कोष-UCSF बाट सुलभ व्याजदरमा ऋणको लागि पहल समेत गर्ने ।

६.४ साझेदार संस्थाको रूपमा रहेको लुमन्ति, दीपशिखा महिला बचत तथा ऋण सहकारी संस्था लि., शहरी गरिबी निवारण मंच तथा शहरी सामूदायिक सहयोग कोषको प्राविधिकले तयार गरेको योजनाको लागत ईस्टिमेट तथा निर्माण पश्चातको लागत मूल्यांकन र फाईनल बिल तयार गरेको प्रतिवेदनलाई आधार मानी नगरपालिकाले निकासा दिने,

६.५ साझेदार संस्थाको नामले रकम निकासा दिने,



विनोद प्रसाद साह
नगर प्रमुख

CamScanner

६.६ आवास निर्माण परियोजनाका लाभान्वित व्यक्ति तथा परिवारहरूका लागि नियमानुसार जग्गा तथा घरको स्वामित्व व्यक्तिगत वा सामुहिक रूपमा उपलब्ध गराउने,

६.७ आवास निर्माण कार्यको लागि लुमन्तिसँग आवश्यक तथ्यांक संकलन गर्ने/गराउने तथा समुदाय भेला लगायत बैठकको आयोजना गर्ने,

६.८ बस्तीलाई नमूना बस्ती बनाउन थप आवश्यक नपुग रकम कलैया उपमहानगरपालिका मार्फत उपलब्ध गराउने,

६.९ निर्माण कार्यमा प्रयोग हुने सामग्रीहरूको गुणस्तरीय जाँच गर्ने साथै निर्माण कार्यको अवलोकन सुपरीवेक्षण तथा निरीक्षण गर्ने,

६.१० प्राप्त भएको अनुदानको कार्य विवरण प्रतिवेदन, बिल भरपाई, निवेदन नगरपालिकामा पेश गर्ने,

६.११ साझेदार संस्थाले उपभोक्ता समितिको खातामा निकासा गरेको सम्पूर्ण रकम उपभोक्ता समितिले समुदायवासीलाई स्पष्ट रूपमा जानकारी हुने किसिमले आर्थिक कारोवार राख्न लगाउने, र कार्य समापन भईसकेपछि पनि सोको विवरणहरू समुदायमा सामाजिक लेखाजोखा गराउने ।

## परिच्छेद-७

## खारेजी र बचाउ

७. यस अघि भएका कार्यहरू यसै कार्यविधि अनुसार मानिनेछ ।

आज्ञाले

नाथु साह

प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकामा पेश गरेको मिति :- २०८०/०९ /१८ कार्यपालिकाबाट स्वीकृत मिति :- २०८०/०९ /१८ प्रमाणीकरण मिति :- २०८०/०९ /२०

कलैया उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय कलैया, बारा मधेश प्रदेश, नेपाल २०७३

विनोद प्रसाद साह
नगर प्रमुख